म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४८ शनिबार ३० भदौ २०८० ने. सं. ११४३ गुँलागा 16 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती प्रदेशसभाको बैठक आज बस्दै

हेटौंडा, २९ भदौ/बागमती प्रदेशसभा बैठक आज शनिवार बस्ने भएको छ । शुक्रबारलाई तय भएको बैठक स्थगित भएको थियो । शुक्रबार दिउँसो १:०० बजे बस्ने भनिएको प्रदेशसभा बैठक विशेष कारण शनिबार बिहान ११:०० बजे बस्ने जनाइएको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकका अनुसार शनिबारको बैठकमा विशेष समयको कार्यसूची रहेको छ भने सोही बैठकमा प्रदेशसभामा पेस भएका विधेयकलाई संसदीय समितिमा पठाउने कार्यसूची रहेको छ । प्रदेशसभाको बैठक यसअघि गत भदौ २४ गते बसेर स्थगन गरिएको थियो । प्रदेशसभामा पेस भएका विज्ञान, प्रविधि, नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक-२०८० र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकमाथि बैठकमा दफावार छलफल तथा संशोधनका लागि समितिमा पठाइने तयारी गरिएको थियो । यसअघि भदौ २४ गते बसेको प्रदेशसभा बैठकमा यो विधेयकहरु पेस भई सैद्धान्तिक छलफल भएको थियो ।

# हेटौंडाको बालसुधार गृह खचाखच, बस्न र खानसमेत समस्या

## ३८ बालक जर्वजस्तीकरणी मुद्दाका

प्रतिक्षा न्यौपाने

हेटौंडा, २९ भदौ/ मानवजीवनमा सामान्य अवस्थामा पनि खान, बस्न र लगाउन पाउनुपर्ने आधारभूत आवश्यकता प्रमुख विषय हुन् ।

मानिसमा जति पीडा वा तनाव भए पनि यी तीन विषय आधारभूत आवश्यकताभित्र पर्दछन् । तर, सरकारले सञ्चालन गरेको एउटा सुधारगृहमा थुनुवा/बन्दीहरु आधारभूत आवश्यकताबाट बञ्चित हुनुपरेको छ । हेटौंडा-११, थानाभञ्याङमा रहेको बालसुधार गृहमा थुनुवा/बन्दी बालकहरु यही आवश्यकताको चरम अभावमा दैनिकी कटाउन बाध्य छन् । बालसुधारगृहको क्षमता ३० जनाको छ । तर, यहाँ हाल ७८ जना थुनुवा/बन्दी बालकहरु रहेको गृहका प्रमुख प्रदीप गौतमले जानकारी दिए ।

विगतमै थुनुवा/बन्दी बालक खचाखच भएको अवस्थामा ८ भदौमा भक्तपुरबाट थप १८ जना थुनुवा/बन्दी बालकहरु आएका छन् । भक्तपुरको बालसुधारगृह फुटाएर उत्पात मच्चाउने थुनुवा/बन्दी बालकहरु हेटौंडा ल्याइएपछि गृहका व्यवस्थापन निकाय त्राशमा छन् । भक्तपुरमा जस्तै हेटौंडामा पनि बालकहरुबीच झडप हुने हो की भन्ने चिन्तामा गृहको व्यवस्थापन पक्षमा आशंका छ । भक्तपुरबाटै बीरगञ्जस्थित सुधारगृह गएका थुनुवा/बन्दी बालकहरुले झडप गराइसकेका छन् । भक्तपुरको बालसुधारगृहमा झडप भएको महिना दिन नपुग्दै गत मंगलबार राति बीरगञ्जको बालसुधारगृहमा तनाव भएको हो ।

४ भदौमा भक्तपुरको बालसुधागृहमा झडपको घटनापछि सारिएका १८ बालक र बीरगञ्ज सुधारगृहमा पहिल्यैदेखि रहेका केही बालकको समूहबीच कुटाकुट भएको थियो । बालसुधारगृह हेटौंडाका गौतमकाअनुसार हालसम्म यहाँ कुनै तनावको अवस्था भने सिर्जना भएको छैन । तर, झडपको सम्भावना भने रहेको व्यवस्थापन पक्ष नै बताउँछ । भक्तपुरबाट ८ भदौमा १८ जना थुनुवा/बन्दी बालकहरु यहाँ ल्याइएको हो । हालसम्म उनीहरुको विवरण भक्तपुरले उपलब्ध नगराएको प्रमुख गौतमले बताए ।

१४-२२ वर्षसम्मका रहेकामा भक्तपुरबाट १९-२५ वर्षसम्मका युवासमेत ल्याइएपछि झडप हुने सम्भावना देखिएकाले ९ जना प्रहरीले सुधारगृहमा सुरक्षा दिइरहेका छन् । यसअघि ७ जना प्रहरीले सुरक्षा दिइरहेकोमा भक्तपुरबाट आएपछि २ जना सुरक्षाकर्मी थपिएको हो । बालसुधारगृहमा क्षमताभन्दा दोब्बर बढीलाई राखिएपछि व्यवस्थापनमा कठिनाई हुँदै आएको हो । पहिल्यै ६० जना थुनुवा/बन्दी बालकहरु रहेकोमा भक्तपुरबाट थप १८ जना ल्याइएपछि अहिले खान, सुत्न र बस्नसमेत समस्या भइरहेको गृहका प्रमुख गौतमले बताए । '२०-३० जनालाई त भुइँमा सुताउनुपर्ने अवस्था छ ।' गृहप्रमुख गौतमले भने, 'हामीसँग तीनवटा कोठा र एउटा हल रहेको छ । खान, सुत्न र शौच गर्नै समस्या छ ।',




बालसुधारगृहमा संरचनाको अभाव हुँदा शौच गर्न पनि समस्या भइरहेको हो । कारागार ऐनअनुसार कारागार सञ्चालन भइरहेको र बालसुधार गृह ऐन नआउँदा बालसुधारगृह सञ्चालनमा तालमेल नमिलेको गौतमले बताए । सुधारगृहमा पुस्तकालयको व्यवस्थापन र खेलकुद गतिविधि गराउन नसकिएको उनको भनाई छ । थुनुवा/बन्दी बालकहरुलाई सुविधा दिन नसकिएको उनले बताए । नियमित तालिम दिन नसकिएको र बजेटको पनि अभाव रहेको गौतमले जनाए ।

विभिन्न अपराधमा वा बालबिज्याइँमा संलग्न भई पुर्पक्षका लागि थुनामा राख्नुपर्ने अवस्थामा १८ वर्षमुनिका बालबालिकालाई बालसुधारगृहमा राख्ने व्यवस्था बालबालिकासम्बन्धी ऐनले गरेको छ । बाल न्यायसम्पादन (कार्यविधि) नियमावली २०७६ परिच्छेद-२ को ६ मा बालसुधारगृहमा स्वच्छ पिउने पानी, पोषणयुक्त खानेकुरालगायतका न्यूनतम सुविधाको व्यवस्था हुनुपर्ने उल्लेख छ । तर, देशभरका आठवटा बालसुधारगृहमा रहेका अधिकांश बालबालिका न्यूनतम सुविधाबाट वञ्चित छन् । उनीहरुको आचरण, बानी तथा व्यवहार सुधार्न शिक्षा, परामर्श लगायतका सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ । तर, त्यस्ता बालबालिकाले गुणस्तरीय शिक्षा, स्वास्थ्यलगायतका सुविधा पाउनु त टाढैको कुरा, खानपिन र सजिलोसँग बस्न नै संघर्ष गर्नुपरेको छ ।

बालसुधारगृहभित्रै शिक्षाको प्रबन्ध भए पनि शिक्षकको अभावमा धेरै सुधारगृहमा बालबालिकाले र म्रोसँग पढ्न नपाएको प्रमुख गौतमले बताए । अपराधमा संलग्न बालबालिकालाई सुधारेर सत्मार्ग देखाउन, भविष्यमा जिम्मेवार नागरिक बनाउन सुधारगृहमा राखिएको र यसका लागि आवश्यक सुविधा र व्यवस्था ऐनले तोकिदिए पनि हेटौंडाको बालसुधार गृह नै सुधार गर्नुपर्ने अवस्थामा छ । बालसुधार गृह हेटौंडामा १६ जिल्लाका थुनुवा/बन्दी बालकहरु रहेका छन् । यहाँ आर्थिक अवस्थाले मध्यम परिवारका र अभिभावकविहीन बालकहरु धेरै रहेको प्रमुख गौतमले जानकारी दिए ।

### ३८ बालक जर्वजस्तीकरणी मुद्दाका

बालसुधारगृह हेटौंडामा रहेका ६० जना थुनुवा/बन्दी बालकहरु जर्वजस्तीकरणी मुद्दाका मात्रै ३८ जना रहेको प्रमुख गौतमले जानकारी दिए । जसमध्ये २२ जनाको जिल्ला अदालतबाट मुद्दा फैसला भइसकेको र १६ जनाको मुद्दा विचाराधीन छ ।

१६ जनामध्ये कतिपयको मुद्दा २ वर्षदेखि अदालतबाट फैसला हुन बाँकी छ । जर्वजस्तीकरणी मुद्दाका १४ वर्ष मुनीका १ जना, १४ देखि १५ वर्षसम्मका ६ जना, १६ वर्षदेखि १८ वर्षसम्मका २३ जना र १८ वर्ष पूरा भएका ८ जना रहेको प्रमुख गौतमले बताए । सुधार गृहमा ७ जना लागूऔषध मुद्दाका, चोरी मुद्दाका ५ जना, डाँका मुद्दाका ३ जना, सवारी ज्यान मुद्दाका ३ जना, कर्तव्य ज्यान, जजक/कर्तव्य ज्यान, अप्राकृतिक मैथुन, नकवाजनी चोरी र अपराधिक उपद्र मुद्दामा १-१ जना गरी ५ जना थुनुवा/बन्दी बालकहरु रहेका छन् ।

हालसम्म ६० जनामा ३२ जनाको मुद्दा फैसला भइसकेको र २८ जनाको मुद्दा अदालतमा विचराधीन छ । भक्तपुर बालसुधार गृहबाट ल्याइएका १८ जना बालहरुको विवरण नआएकाले मुद्दाको प्रकृति खुल्न नसकेको हो । ६० जना थुनुवा/बन्दी बालकहरुबाट असल आचरण भएका र कानुनले तोकेबमोजिमको कैद जीवन बिताइसकेकाले सवारीज्यान र डाँका मुद्दाका २ जनालाई संविधान दिवसका अबसरमा राष्ट्रपतिबाट कैद मिनाहाका लागि गृह मन्त्रालयमा सिफारिस गरिएको बालसुधारगृहका प्रमुख गौतमले जानकारी दिए ।

# सांसद बर्तौलाद्वारा निकुञ्ज ऐनमा संशोधन प्रस्ताव दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले सिर्जना गरेको समस्या समाधानको लागि प्रतिनिधिसभामा संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

उनले राष्ट्रिय निकुञ्ज ऐन, २०२९ लाई संशोधन गर्न केही संसोधन प्रस्ताव संसद सचिवालयमा दर्ता गरेका हुन् । आफ्नो निर्वाचन क्षेत्र मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाहरुमा मध्यवती क्षेत्रले सिर्जना गरेको समस्याका बारेमा पटक-पटक संसदमा आवाज उठाउँदै आएका थिए । उनले यसअघि मनहरीका पीडित स्थानीय सहित प्रधानमन्त्री तथा सम्बन्धित मन्त्रीहरुलाई समेत भेटेर मध्यवतर्ती क्षेत्रको समस्यालाई दीर्घकालीन समाधान गरी अव्यवस्थित बसोबासी, भूमिहिन सुकुम्बासीलाइ जग्गाधनी पुर्जा वितरण गर्न माग गरेका थिए ।

निकुञ्ज प्रशासनले मनहरी गाउँपालिका विभिन्न वडाहरु मध्यवर्ती क्षेत्र भित्र पर्ने भन्दै त्यस क्षेत्रभित्र विकास निर्माण, बाटो, सडकलगायतका विकास निर्माणमा समेत अवरोध हुँदै आइरहेको आरोप छ । मध्यवर्ती क्षेत्रभित्र पर्ने भएकै कारण मनहरी गाउँपालिकामा ५० औं वर्ष अघिदेखि बसोबास गर्दै आइरहेका अव्यवस्थित बसोबासी तथा भूमिहिन सुकुम्बासीलाई जग्गाधनी पुर्जा वितरणमा समस्या भएको छ । 'मन्त्री वा प्रधानमन्त्रीलाई भेटेर समस्या बताउँदा अब त समाधान हुने नै भयो भनेर ढुक्क हुन्छौं तर, महिनौं बित्दा समेत सरकार कानमा तेल हालेर बस्छ, कुनै चासो र चिन्ता नै देखाउँदैन, त्यसैले राष्ट्रिय निकुञ्जसम्बन्धी कानुन संसोधनको लागि प्रस्ताव दर्ता गराएको छु ।', बर्तौलाले भने ।

राष्ट्रिय निकुञ्जसम्बन्धी कानुनमा परिमार्जन नभएमा अझै लामो समयसम्म नागरिकले सास्ती र दु:ख भोगिरहनुपर्ने उनको दाबी छ । समस्याको दीर्घकालीन समाधान गर्न कानुनमै परिमार्जन गर्नुपर्ने आवश्यक्ता देखिएकोले संशोधन प्रस्ताव दर्ता गराएको सांसद बर्तौला बताउँछन् । विभिन्न कानूनमा संरक्षित क्षेत्र भन्ने शब्द प्रयोग हुँदै आएको र हालसम्म उक्त शब्द परिभाषित नभएको भन्दै स्पष्टताको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन हुनुपर्ने बताएका छन् ।

संरक्षित क्षेत्रसम्वन्धी ऐनको परिभाषामा उनले मध्यवर्ती क्षेत्रलाई हटाउनुपर्ने दाबी गरेका छन् । ऐनमा गरिएको मध्यवर्ती क्षेत्रको हालको परिभाषाले वनपैदावार लगायतका प्राकृतिक स्रोतको उपभोग गर्न, भूमिहिनहरु र अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी पुर्जा वितरण गर्न तथा धनी पुर्जा भएको निजी जग्गामा समेत घरगोठ बनाउन अवरोध भएकोले सो परिभाषाको सट्टामा अन्य परिभाषा राख्न प्रस्ताव गरिएको छ ।

'मध्यवती क्षेत्र' (वफर जोन) भन्नाले स्थानीय जनतालाई नियमित रुपमा वनपैदावारलगायतका प्राकृतिक स्रोत उपभोग गर्न पाउने सहुलियत, सुविधा र पहुँच प्रदान गर्नको लागि स्थानीय समुदाय र सम्बन्धित स्थानीय तहसँगको परामर्श र सहमति बमोजिम बसोवास क्षेत्र र निजी जग्गाजमिन नपर्ने गरी राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरी दफा ३ (क) बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनु पर्दछ भन्ने परिभाषा प्रस्ताव गरिएको छ ।

राष्ट्रिय निकुञ्ज ऐन २०२९ माथि आफूले संसद सचिवालयमा दर्ता गरेको दुबै संशोधन प्रस्ताव पारित भएमा मध्यवर्ती क्षेत्रका देश भरिका जनताले लामो समयबाट भोगिरहेका पीडा र समस्याहरु स्थायी ढंगले कानुन बमोजिम नै समाधान हुने बर्तौलाको दाबी छ । मनहरी गाउँपालिका र राष्ट्रिय निकुञ्ज प्रशासनबीचमा खोलाको प्राकेतिक श्रोत प्रयोग गर्ने बिषयमा बारम्बार द्वन्द्व उत्पन्न हुँदै आएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# आइफोनमा यूएसबी टाइप सी पोर्ट राख्नुको अर्थ के हुन्छ ?

विश्वमा पहिलोपटक सन् २०१५ मा यूएसबी सी चार्जिङ पोर्ट भएको डिभाइस बजार मा आएको थियो । अहिले एन्ड्रोइड फोनदेखि ल्यापटप, वायरलेस इयरबड, मिररलेस क्यामेरा, गेमिङ कन्सोल, पर्सनल कम्प्युटर मनिटर देखि इलेक्ट्रिक स्कुटरसम्म यत्रतत्र टाइप सी चार्जिङ पोर्ट फैलिएको छ ।

तथापि आइफोनमा भने अहिलेसम्म यूएसबी सी पोर्ट थिएन । यद्यपि उसले केही वर्षदेखि नयाँ म्याकबुक तथा आइप्याडमा भने यूएसबी सी पोर्ट नै राख्दै आएको छ ।

एप्पलले आफ्ना आइफोनमा सन् २०१२ देखि आफ्नै लाइटनिङ चार्जिंङ कनेक्टर प्रयोग गर्दै आएको छ । तर अब भने आइफोनको विद्यमान लाइटनिंग पोर्टलाई यूएसबी पोर्टले प्रतिस्थापित गर्ने घोषणा एप्पलले गरि सकेको छ । मंगलबार सार्वजनिक गर्ने भनिएको आइफोन १५ सिरिजबाटै आइफोनमा पहिलोपटक टाइप सी पोर्ट राखिने अनुमान गरिएको छ ।



**एप्पलले किन फेर्दैछ चार्जिङ पोर्ट ?**

पुराना आइफोन तथा आइप्याडमा रहेको ३० पिन कनेक्टर सम्भिनुस् त । सन् २००३ मा ल्याइएको उक्त ३० पिन कनेक्टरलाई एप्पलले ९ वर्षपछि सन् २०१२ मा विस्थापित गर्दै लाइटनिङ्ग पोर्ट राखेको थियो, जुन आकारमा सानो हुनुका साथै कनेक्टरलाई जुनसुकै दिशाबाट पनि जोड्न सकिन्छ । अब लाइटनिङ्ग पोर्टको ११ वर्षे यात्रापछि आइफोनबाट यसलाई पनि हटाएर टाइप सी पोर्ट राख्दैछ एप्पलले ।

एप्पलले आफ्ना अन्य हार्डवेयर हरुमा पछिल्ला वर्षहरुमा क्रमश: टाइप सी पोर्ट थप्दै आएको छ । पहिलोपटक सन् २०१५ मा एप्पलले नै पहिलोपटक ल्यापटपमा यूएसबी सी पोर्ट राखेको थियो । त्यसपछि उसले आइप्याडमा पनि टाइप सी पोर्ट राख्न सुरु गऱ्यो । यस अर्थमा अबको पालो आइफोनकै हो भन्नेमा दुईमत छैन ।

तथापि एप्पलले आफ्नो मेड फर आइफोन कार्यक्रम अन्तर्गत टाइप सी पोर्ट प्रयोगको लाइसेन्स बापत तेस्रो पक्षबाट शुल्क लिइरह्यो र हालसम्म आइफोनमा आफ्नै लाइटनिङ्ग पोर्ट प्रयोग गरिरह्यो । तर युरोपेली युनियनको कानूनका कारण एप्पलले आफ्नो आम्दानीको स्रोत गुमाउँदै अन्तत: आइफोनमा पनि टाइप सी पोर्ट राख्ने निर्णय गर्न बाध्य भयो ।

इयुले सन् २०२२ मा पारित गरेको एक कानून अनुसार युरोपेली युनियनका मुलुकहरुमा बिक्री गर्ने फोन, ट्याबलेट तथा क्यामरामा सन् २०२४ को अन्त्यसम्ममा अनिवार्य रुपमा यूएसबी पोर्ट अनिवार्य रुपमा हुनुपर्नेछ ।

**टाइप सी पोर्टमा जाँदा के फाइदा ?**

आइफोनमा पनि टाइप सी पोर्ट राखियो भने त्यसले आम स्मार्टफोन प्रयोगकर्तालाई ठूलो फाइदा हुनेछ । उनीहरुले अन्य स्मार्टफोनमा प्रयोग हुने टाइप सी केवलबाटै आइफोन चार्ज गर्न तथा डेटा ट्रान्सफर गर्न सक्नेछन् । एन्ड्रोइड फोनको युएसबी केबललाई आइफोनमा पनि प्रयोग गर्न सकिनेछ ।

प्लगेबल टेक्नोलोजिजका संस्थापक बर्नी थम्पसन भन्छन्, 'यूएसबी सीले विश्व विजय गरिरहँदा मैले यसको विकल्प सोँच्न समेत सक्दिनँ । के मलाई माइक्रो बी चार्जर वा लाइटनिङ्ग चार्जर चाहिन्छ त ?' सबै डिभाइसका लागि एउटै कनेक्टरको प्रयोगले हरेक डिभाइसका लागि फरक-फरक चार्जर तथा कनेक्टर किन्नुपर्ने बाध्यता हट्नेछ र विद्युतीय फोहोरलाई उल्लेख्य रुपमा कटौती गर्नेछ ।

आइफोनको बक्समा चार्जिङ ब्रिक नराख्नुको कारण विद्युतीय फोहोर कम गर्नु रहेको दाबी एप्पलले गर्दै आएको छ । अब उसले आइफोन १५ को बक्समा मा यूएसबी सी टू यूएसबी सी केवल राख्नेछ ।

यूएसबी सी ले फास्ट चार्जिङ् तथा उच्च गतिको डाटा ट्रान्सफरमा सहयोग गर्नेछ । लाइटनिङ्ग पोर्टको अधिकतम डेटा ट्रान्सफर गति ४८० मेगाबिट्स प्रतिसेकेण्ड रहेकोमा यूएसबी टाइप सी मा सिद्धान्तत: ८० गिगाबिट्स प्रति सेकेण्डसम्म हुने गर्दछ ।

यद्यपि आइफोन १५ मा यूएसबी २.० केवल प्रयोग हुने र यसको डेटा ट्रान्सफर गति ४८० मेगाबिट्स प्रतिसेकेण्डमै सिमित गरिने दाबी पनि गरिएको छ । त्यस्तै आइफोन १५ प्रो मा चाहिं यूएसबी ३.२ वा थन्डरबोल्ड ३ केवल राखिनेछ । जसको डेटा ट्रान्सफ गति २० देखि ४० गिगाबिट्स प्रतिसेकेण्ड हुनेछ । यसले आइफोनबाट भिडियो फाइल ट्रान्सफर निकै छिटो गतिमा गर्न सकिनेछ ।

आइफोन १४ सिरिजमा चार्जिङ् सीमा २० वाटसम्म रहेकोमा आइफोन १५ सिरिजमा भने यूएसबी टाइप सी का कारण सीमा बढ्नसक्ने र फ्लागसिप एन्ड्रोइड फोनकै हाराहारीमा पऱ्याइने अनुमान गरिएको छ । उदाहरणका लागि आइफोन १४ प्रो म्याक्स पूरै चार्ज हुन करीब १ घण्टा ४० मिनेट लाग्ने गरेकोमा सामसुङ ग्यालेक्सी एस २३ अल्ट्रा भने एक घण्टाभन्दा पनि कम समयमै पूरा चार्ज हुन्छ । चार्जिङ् स्पीड बढाउनाले आइफोन प्रयोगकर्तालाई निकै फाइदा र सहजता हुनेछ ।

टाइप सी पोर्टसँगै अब आइफोनलाई टाइप सी केवलबाटै ठूलो स्क्रिनमा डिस्प्ले गर्ने गरी जोड्न पनि सकिनेछ ।

**टाइप सी पोर्टका बेफाइदा !**

सायद तपाईंले आफ्नो एन्ड्रोइड फोनहरुमा यो समस्या भोग्नु भएकै छ होला । बजारमा धेरै खालका र सस्तो मूल्यका टाइप सी केवल पाइन्छन् । यस्ता कमसल चार्जर तथा डाटा केवलको प्रयोग गर्दा फोनको चार्जिङ तथा डाटा ट्रान्सफर गति सुस्त हुन्छ । कमसल केवलले फोनमा क्षति पुऱ्याउने जोखिम पनि रहन्छ । र, बजारमा उपलब्ध टाइप सी केवलको गुणस्तर आम सर्वसाधारण प्रयोगकर्ताले परख गर्न सक्दैनन् ।

यद्यपि एप्पलले भने आफ्ना डिभाइसमा सबै खालका यूएसबी टाइप सी केवललाई प्रयोग गर्न नसक्ने गरी लाइसेन्सिङ गर्ने योजना समेत बनाएको बताइन्छ । अर्थात् एप्पलको लाइसेन्स लिएका वा एप्पलले अनुमति दिएका यूएसबी सी केवलले मात्र आइफोनमा काम गर्नेछन् । जसका कारण बजारमा उपलब्ध अन्य डिभाइसमा चल्ने टाइप सी केवल आइफोनमा नचल्न सक्दछन् र आइफोनमा चल्ने केवलको मूल्य पनि धेरै हुनसक्छ ।

**यौन चर्चा**

# असुरक्षित शारीरिक सम्बन्धले हुन सक्छ गोनोरिया

धेरैलाई भित्रभित्रै सताइरहने समस्या हो यौनजन्य रोग । हामीकहाँ यौनजन्य समस्या खुलेर भन्ने प्रवृत्ति छैन । त्यसैले यस्ता रोग कसरी लाग्छ, त्यसको निदान र उपचार कसरी हुन्छ भन्ने कुरामा अलमल हुन्छ ।

जब रोगले च्यापेर सहनै नसक्ने अवस्था हुन्छ, तब मात्र बिरामीहरु अस्पताल पुग्ने गर्छन् । यसरी अस्पताल पुग्नेमध्ये धेरैलाई देखिने यौनरोग हो गोनेरिया । विश्व स्वास्थ्य संगठनको तथ्यांकले भन्छ, 'विश्वभर हरेक वर्ष १० करोडभन्दा बढी मान्छे गोनोरियाबाट पीडित हुन्छन् ।

**के हो गोनोरिया ?**

गोनोरिया एक खालको पिसाब नलीबाट पीप बग्ने ब्याक्टेरियल संक्रमण हो । 'ब्याक्टेरियम गोनोरी' भन्ने कीटाणुको संक्रमणबाट यो रोग एक व्यक्तिबाट अर्कोमा सर्छ । यसले पुरुष र महिला दुवैलाई प्रभावित गर्न सक्छ । यो रोग समयमा उपचार पाए पूर्ण रुपमा निको हुन्छ ।

**कसरी सर्छ ?**

यो रोग मुख्यत: असुरक्षित यौन सम्पर्कबाट सर्छ । जस्तै, कण्डमको प्रयोग नगर्ने, धेरैसँग यौनसम्पर्क गर्ने र अप्राकृतिक तरिकाले मलद्वारमा यौनसम्पर्क गर्दा संक्रमण हुन सक्छ । त्यस्तै योनी, मुख वा मलद्वारमा गरिने मैथुनबाट पनि यो एक व्यक्तिबाट अर्कोमा सर्छ । जसकारण गोनोरियाले प्रजनन अंगका साथै मलद्वार, घाँटी र शरीरका विभिन्न भागमा असर पार्न सक्छ ।

संक्रमित महिलासँगको असुरक्षित यौनसम्बन्धबाट गोनोरिया रोग पुरुषमा रोग सर्ने सम्भावना करिब २० प्रतिशत हुन्छ । तर संक्रमित पुरुषसँग महिलाले असुरक्षित यौनसम्पर्क गरेमा सर्ने सम्भावना एकदमै धेरै हुन्छ ।

गर्भवती महिला गोनोरिया संक्रमित भएमा बच्चामा पनि रोग सर्ने सम्भावना धेरै रहन्छ। जसले गर्दा जन्मिएको शिशुमा आँखा रातो हुने, पिप बग्ने समस्या हुन सक्छ । समयमा आँखाको उपचार नगरे बच्चाको आँखामा स्थायी रुपमा अन्धोपन हुन सक्छ ।

**लक्षण**

असुरक्षित यौनसम्पर्क गरेको आठदेखि १० दिनमा गोनोरियाका लक्षण देखा पर्न सक्छन् । कतिपयमा भने यो रोगका लक्षण देखा पर्दैनन्। त्यसैले विश्व स्वास्थ्य संगठनले यसलाई 'साइलेन्ट किलर' पनि भनेको छ । पुरुषहरुमा १० प्रतिशत र महिलाहरुमा ८० प्रतिशत लक्षण नदेखिन सक्छ ।

सामान्यतया गोनोरिया हुँदा पिसाब फेर्दा पोल्ने, पिसाबनलीबाट पिप बग्ने, अण्डकोष दुख्ने, पोल्ने, मलद्वार चिलाउने, पोल्ने, घाउ हुने, दिसा गर्दा अप्ठ्यारो हुने, महिलामा पहेंलोपानी बग्ने, तल्लो पेट दुख्ने, मलद्वार वरपर घाउ हुने, मुख मैथुन गर्दा मुखमा घाउ आउने, खानेकुरा निल्न कठिन हुने हुन सक्छ ।

त्यस्तै, शरीरका जोर्नीहरुमा घाउ र पिपहरु बग्ने, खत बस्ने समस्या देखिन्छ ।

**जटिलता**

गोनोरियाको उपचार गरिएन भने यो शरीरका अन्य भागमा पनि फैलिन सक्छ । यसले गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ । पाठेघरमा खत बसाउने, ढाड दुख्ने समस्या, पाठेघरको भित्तामा संक्रमण भइराख्ने र पछि बाँझोपन बढाउने र गर्भ रहेमा भ्रूण पाठेघरको नलीमा बस्ने र पुरुषको अण्डकोषमा असर गरी बाँझोपन निम्त्याउन सक्ने जोखिम हुन सक्छ ।

त्यस्तै, गोनोरियाले एचआईभी लाग्ने र फैलाउने जोखिम पनि बढाउन सक्छ ।

**पहिचान तथा उपचार**

माथि उल्लेखित लक्षण देखिएमा सामान्य पिसाब तथा स्वाब परीक्षण गर्नुपर्छ । गोनोरिया देखिए अन्य यौन प्रसारित रोग भिरिंगी, एड्स जस्ता रोगको पनि परीक्षण गर्नुपर्छ ।

यसको उपचार एन्टिबायोटिक औषधि र सुईबाट सम्भव छ । जुन चिकित्सकको परामर्शमा मात्र लिनुपर्छ । यसले ब्याक्टेरियालाई प्रभावकारी रूपमा मार्न सक्छ र संक्रमणलाई थप फैलिनबाट रोक्न सक्छ । यो औषधि वा सुईमध्ये एक लगाउँदा राहत महुसस हुन्छ । यौन रोगमा संक्रमितको पार्टनर पनि खोजेर उपचार गरिन्छ । पूर्ण रूपमा रोग निको नहुन्जेल यौनसम्बन्ध नराख्नु नै उत्तम हुन्छ ।

**संक्रमणबाट कसरी बच्ने ?**

गोनोरिया रोकथामबाट आफूलाई बचाउने सबैभन्दा राम्रो तरिका यौनसम्पर्क सुरक्षित ढंगले राख्नु नै हो । प्रत्येक पटक यौनसम्पर्क गर्दा कण्डम प्रयोग गर्ने र धेरै यौनसाथी नबनाउने जस्ता कुरामा ध्यान दिए यसबाट बच्न सकिन्छ । साथै, गोनोरिया भएको कसैसँग यौनसम्पर्क गरेको भए जतिसक्दो चाँडो परीक्षण गराउनु महत्त्वपूर्ण छ ।

# साहित्य

कविता

## बेकारीको प्रमाणपत्र



**✍युवराज घलेभाइ**

हिजोआज 'म' बिहानै
चियासँग समाचार पत्र
पिउने गरेको छु
देश-विदेशको खबरलाई पर-पन्छाएर
'वान्टेड'- 'वान्टेड' र 'एपोइन्टमेन्ट ग्याजेटका
पृष्ठहरुमा स्वयंलाई भुण्डयाएर
जिउने 'टनिक' पनि पिएको छु
यी सब त 'रोजगार कार्यालय'- ले पनि
'बेरोजगार कार्यालय'- को
साइनबोर्ड टाँगिदिए हुन्छ
एउटा कलिङ्गको लागि पनि
पाँच सयकरो नोट गनिदिए हुन्छ
यहाँ के-के यस्तै-यस्तै हुन्छ
बेकारीको आँखालाई ढाक्न
'जवाहर रोजगार योजना' - हुन्छ
अनि त-
'आरक्षण नीति' दश वर्ष अझ टाँगिएर
थुप्रै-थुप्रै 'डिप्लोमा' र 'मार्कसिटहरुको'
उपहास हुँदै - 'डिग्रीको प्रमाणपत्र' - होइन
फगत बेकारीको प्रमाणपत्र बन्छ ।

कविता

## बिहानी, बिरुवा र वसन्त



**✍प्रा.डा. मोहन प्रसाद जोशी**

बिहान सरक्क दिउसो बन्छ
दिउँसो सरक्क साँझ
साँझ रात्रि भएर
बन्छ अर्को बिहानी

बिरुवाले फूल दिन्छ
दिन्छ फूलले बीज
बीज अङ्कुर भएर
बन्छ अर्को बोट,

वसन्त बन्छ ग्रीष्म
ग्रीष्म बन्छ शरद्
शरद् शिशिर भएर
बन्छ अर्को वसन्त

एउटा बिहानी सकिएको होला
त्यस्तै बिरुवा र वसन्त,
वर्तुलाकारमा आउँदै छ अर्को
बिहानी, बिरुवा र वसन्त ।

## मुक्तक

**✍करन बिवश**

गएको छोरो आउँछ आउन्न परदेशबाट
घरको छानो छाउँछ छाउन्न परदेशबाट
कयौं सपना सङ्गालेर जान त गयो छोरा
साहुको ऋण तिरिन्छ तिरिन्न परदेशबाट

## मेरी आमा



**✍आरध्या पाठक**

*कक्षा-५, बालजागृति इङ्लिस सेकेन्डरी स्कूल*

आमा तिमी ममताकी खानी
जन्मायौ तिमीले केही दु:ख नमानी ।
नौं-नौं महिना कोखमा राखी, जन्मायौ तिमीले
आफू भोकै बसी, खुवायौ मलाई खुशीले ।

हाम्रो राम्रो उन्नतिले आमा खुशी हुन्छिन्
गलत काम गरेमा सजाय पनि दिन्छिन् ।
आमाको महिमा अपरम्पार
देखाउँछिन् हामीलाई यो दूनियाँ संसार ।

पढाउँछिन्, लेखाउँछिन् ज्ञानी बनाउँछिन्
देशको सेवा गर्नूपर्छ भनि सिकाउँछिन् ।
धर्ति र गाई अनेकमा छ तिम्रो रुप
फैलाउन पाउँ विश्वभर तिम्रो स्वरुप ।

गजल

## डर पनि यति धेरै



**✍होम सुवेदी**

डर पनि यति धेरै किन गऱ्या होला
यसै यसै पर पर किन सऱ्या होला ।।

तलाउझैं शान्त थियो मेरो मन अस्ति
माया गर्ने बहानाले किन हऱ्या होला ।।

तिमी मात्र मायालु हौ भन्थिन् हिजोसम्म
माया पनि चारो जस्तो किन छऱ्या होला ।।

वारीतिरै भेट गर्न बोलाउँछिन् फेरि
भेट्न जाँदा पाारीतिर किन तऱ्या होला ।।

म ता यसै छक्क पर्छु चाला तिम्रो देखी
दैव पनि चाला देखी छक्क पऱ्या होला ।।

## किन जाने विदेश ?



**✍इलिना सापकोटा**

*कक्षा-४, बालजागृति इङ्लिस सेकेन्डरी स्कूल*

म त नेपालकी छोरी, नेपालमै जन्में ।
नेपालमा घुमेर घुमेर नपालमै रमाएँ ।।

नेपालमा पनि धेरै किसिमका राम्रा काम छन् ।
किन होला धेरै मानिसहरु विदेशतिर जान्छन् ?

किन होला आफ्नो देशको छुट्टै माया लाग्ने ?
किन होला आफ्नै देश धेरै राम्रो लाग्ने ?

मेरो हजुरबुवा-आमाको विदेशी भिसा लाग्यो ।
यो कुराले गर्दा मलाई साह्रै चिन्ता लाग्यो ।।

विदेश गएपनि मलाई कहिले पनि नभुल्नु ।
विदेश गएर फेरि आफ्नै नेपाल फर्कनु ।।

## अलैंचीका दाना जस्तै


**✍गुण सिंखडा**

अलैंचीका दाना जस्तै,
पिसिएर पनि,
सुगन्ध म तिम्रो बन्ने नै छु
क्षितिजबाट जति अकासिए पनि
नजर केवल तिमीलाई नै दिने छु ।

देश छोडी परदेशिए पनि,
भाका तिम्रो गाही नै रहने छु ।

बिछोडमा तस्विर छुटे
आँखामै संगालिरहने छु,
नयनबाट मोती हराए
संझनामा बान्धिरहने छु ।
तिमी मैन बने,
म धागो बनेर जलिरहन्छु,
तिम्रो प्यासमा,
म खोला बनेर बगिरहन्छु ।

तिम्रा ती मधुर वाणीमा
म संगीत भएर
गुञ्जिरहनेछु
तिम्रा यादहरूमा
चौतारीको पिपल जस्तै
छहारी भएर उभिरहने छु।




**✍दिपाशना थापा**

*कक्षा-१०, जी.एस. निकेतन, हेटौंडा मकवानपुर*

# माधव नेपाललाई पार्टीभित्रै गुटबन्दी गरेको आरोप



काठमाडौं/नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको हस्ताक्षर राखेर बिहीबार सार्वजनिक भएको अन्तरपार्टी निर्देशन-११ प्रति चर्को असन्तुष्टि देखिएको छ । नेताहरुको जिम्मेवारी हेरफेरसहित जारी ३४ पृष्ठ लामो अपानिप्रति पूर्वप्रधानमन्त्री झलनाथ खनाल आफैले सार्वजनिक असन्तुष्टि जनाएका छन् ।

नेताहरुका अनुसार, अध्यक्ष नेपालले आफ्ना विश्वासिला नेताहरुलाई प्राथमिकतामा राखेर एक्लौटी जिम्मेवारी हेरफेर गरेको भन्दै खनाल र उनी निकट नेताहरुको अपानिप्रति असन्तुष्टि देखिएको हो । नेता खनाल त अपानि नसच्याए पार्टीमा ठूलो समस्या आउन सक्ने बताउँछन् ।

'पार्टीको सम्मानित नेता मलाई थाहा छैन । कुन कमिटीबाट निर्णय भएको भन्ने थाहा छैन' अनलाइनखबरसँग खनाल भन्छन्, 'सार्वजनिक भएको अपानि मान्न सकिने अवस्था छैन । सच्चिएन भने के होला भन्ने त्यसपछि थाहा हुन्छ ।'

आगामी १४-१८ माघमा दशौं राष्ट्रिय महाधिवेशन गरिने मिति उल्लेख गरेर अपानि सार्वजनिक भएपछि केही नेताले पार्टी परित्यागकै घोषणा गरेका छन् । पार्टी छोडेको घोषणा गर्ने मध्ये रुपन्देहीका राजु गुरुङलाई अपानिले लुम्बिनी प्रदेश सचिवको जिम्मेवारी दिइएको छ । गत चुनावमा रुपन्देही-२ बाट उम्मेदवार रहेका उनी प्रदेश अध्यक्षकै चाहनामा थिए ।

तर अपानिमा लुम्बिनी प्रदेश अध्यक्षको जिम्मेवारी सोमप्रसाद पाण्डेलाई दिइएको छ । पाण्डे आर्थिक विभाग प्रमुख र महाधिवेशन आर्थिक संकलन समिति सदस्य समेत छन् । पाल्पा-२ बाट प्रतिनिधिसभा सदस्यको चुनाव लडेका पाण्डे यसअघि आर्थिक विभाग प्रमुख थिए । अध्यक्ष नेपालले आफ्ना नातेदार पाण्डेलाई तेहोरो जिम्मेवारी दिंदै अपानि जारी गरेको भन्दै गुरुङले पार्टी परित्यागको घोषणा गरेका हुन् ।

'अपानि पुरापुर एक्लौटी छ । माधव नेपाललाई प्रश्न गर्नेहरुलाई भित्तामा पुर्याउने काम गरिएको छ', खनाल निकट एक नेता भन्छन् । तर आफूलाई साथ दिने जतिलाई कुनै मापदण्डको वास्ता नगरी जिम्मेवारीको चाङ लगाइएको उनी बताउँछन् ।

पार्टी सचिव रामकुमारी झाँक्रीले पाएको जिम्मेवारी एउटा बलियो उदाहरण भएको ती नेता बताउँछन् । अपानि अनुसार, झाँक्रीले प्रवास विशेष प्रदेशको पार्टी कामको संयोजन तथा यूरोप, अमेरिका र ल्याटिन अमेरिकाको इन्चार्जको भूमिका पाएका छन् ।

पार्टी गठनमा माधव नेपाललाई साथ दिएपनि पछिल्लो सार्वजनिक रुपमै प्रश्न उठाउन थालेपछि जनसम्पर्क कम हुने क्षेत्रको जिम्मेवारी दिइएको उनी बताउँछन् । 'रामकुमारी झाँक्रीले संगठन बलियो बनाउनेगरी आवश्यक भूमिका माग्नुभएको थियो । तर प्रवासको जिम्मेवारी दिइयो, त्यसमा पनि एउटा क्लस्टरको मात्रै', ती नेता भन्छन् । तर अध्यक्ष नेपाल निकट रहेका अरु पदाधिकारीले महत्वपूर्ण र एक भन्दा बढी जम्मेवारी पाएको उनी बताउँछन् ।

तर अध्यक्ष नेपाल निकट नेता सोमप्रसाद पाण्डे भने यो अपानिलाई लिएर धारणा नबनाउने आग्रह गर्छन् । 'यो गृहकार्य मात्रै हो, अन्तिम रुप दिएको अपानि नै होइन' पाण्डे भन्छन्, 'फाइनल नभएको अपानि कसैले सार्वजनिक गरिदिएछ ।' १ असोजमा बस्ने सचिवालय बैठकबाट अपानिले अन्तिम रुप पाउने उनी बताउँछन् । 'यो फाइनल कपी होइन भनेपछि थप कुरा गरिरहनै परेन' पाण्डे भन्छन् ।

**मापदण्डमाथि प्रश्न**

नेता खनाल निकट नेताहरुले अपानि कार्यान्वयनमा नगएपनि अध्यक्ष नेपालप्रति प्रश्न उठेको बताउँछन् । 'कार्यान्वयनमा जाने अवस्था छैन, तर माधव नेपालको चाहना त सार्वजनिक भयो', खनाल निकट अर्का नेता भन्छन् ।

ती नेता, दशौं महाधिवेशनबाट फेरि अध्यक्ष बन्ने गरी अध्यक्ष नेपालले अपानि तयार पारेको आशंका गर्छन् । 'फागुनमा माधव नेपाल ७१ वर्ष लाग्नु हुन्छ, त्यसैले माघमै महाधिवेशन गर्नेगरी आफ्ना विश्वास पात्रहरुमा जिम्मेवारीको थुप्रो लगाउनु भएको देखियो', उनी भन्छन् ।

अध्यक्षमै रहिरहन सामान्य मापदण्डको समेत वास्ता नगरिएको खनाल निकट नेताहरुको बुझाइ छ । उनीहरुको दाबी अनुसार, अहिलेको अपानिमा उल्लेख भएको प्रदेश इन्चार्जको जिम्मेवारी दिने निर्णय चाहिँ पार्टी बैठकले गरेको थियो । जसअनुसार, हरी पराजुलीलाई सचिव मनोनयन गरेर लुम्बिनीको इन्चार्ज बनाउने, बागमतीको इन्चार्ज गंगालाल तुलाधार, गण्डकीको इन्चार्ज तुलबहादुर गुरुङ र जीवनराम श्रेष्ठ केन्द्रीय कार्यालय सचिव हुने थिए ।

तर अपानिमा त्योभन्दा अगाडि बढेर आफू निकट नेताहरुलाई दोहोरो/तेहोरो जिम्मेवारी दिइएको भन्दै खनाल पक्षले असन्तुष्टि जनाएका छन् । उनीहरुले २१ जना केन्द्रीय सदस्य मनोनीतदेखि संघीय सरकारका दुई मन्त्री वेदुराम भुसाल र प्रकाश ज्वालासहित प्रमेश हमाल, नागेन्द्र चौधरी, गरिमा शाह, सोम पाण्डे लगायतलाई प्राथमिकतामा र खेर दिइएको जिम्मेवारीमा प्रश्न उठाएका छन् ।

उपाध्यक्ष हमाललाई विदेश विभाग उपप्रमुख, पार्टी स्कूल विभाग प्रमुख र महाधिवेशन आर्थिक संकलन समितिको संयोजकको जिम्मेवारी दिइएको छ । सचिव गरिमा शाह अनेम संघको सहइन्चार्ज र सुदूरपश्चिम प्रदेशको इन्चार्ज छन् । 'एउटा पार्टी सचिवलाई यति महत्वपूर्ण र धेरै जिम्मेवारी छ । अर्को सचिव (रामकुमारी) लाई कहिले मन्त्री बनेको भन्दै पार्टी जिम्मेवारी नदिने र दिंदा पनि प्रवासतिर दिने गर्नुले प्रश्न त उठ्छ', खनाल नजिकका एक केन्द्रीय सदस्य भन्छन् । पहिले मन्त्रीलाई जिम्मेवारी नदिने भन्ने नीति भएपनि अहिले चाहिँ तेहोरोसम्म जिम्मेवारी दिने काम भएको उनी बताउँछन् ।

अपानिअनुसार, कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई संगठन विभाग प्रमुखको जिम्मेवारी दिइएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश इन्चार्ज र संगठन विभागको उपप्रमुखको समेत जिम्मेवारी दिइएको छ ।

अध्यक्ष नेपालका पार्टी अर्का सचिव नागेन्द्र चौधरी मोर्चा फाँटको सहइन्चार्ज, आदिवासी जनजाति महासंघको इन्चार्ज र स्वास्थ्य विभागको प्रमुख छन् । तर कम विश्वास भएका, खनालतिर निकट रहेका र सार्वजनिक प्रश्न गर्नेहरुलाई भएकै जिम्मेवारीबाट पनि हटाउने गरिएको असन्तुष्टहरुको भनाइ छ ।

केन्द्रीय सदस्य मेटमणि चौधरी, अपानप्रतिको असन्तुष्टिमा दुई समस्या रहेको बताउँछन् । 'अपानिमा कहीं काहीं मिलेको छैन, ध्यान नपुगेकै हो' चौधरी भन्छन्, 'अर्कातिर आफूले खोजे जस्तो नहुँदाको पनि असन्तुष्टि देखियो ।'

*(स्रोत: अनलाइनखबर)*

# 'एक भागवत र एक गीता' र 'नाङ्गो गाउँ'को सुखद सुरुवात





काठमाडौं/बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'जवान'को चुनौतीबीच शुक्रबारबाट प्रदर्शनमा उत्रिएका दुई नेपाली फिल्म 'एक भागवत र एक गीता' र 'नाङ्गो गाउँ'ले घरेलू बक्स अफिसमा सुखद सुरुवात गरेका छन् । बिहानी शो अपेक्षाकृत हुन नसकेता पनि दिउँसोबाट दुवै फिल्मले लय समातेका थिए । काठमाडौं र मोफसलका केही हलमा दुवै फिल्ममा दर्शकको उपस्थिति राम्रो थियो ।

अकुपेन्सीको आधारमा 'एक भागवत र एक गीता'भन्दा 'नाङ्गो गाउँ' केही अगाडि छ । फिल्मले शुक्रबार दिउँसोदेखि साँझसम्म ६० प्रतिशतमाथि अकुपेन्सी कायम गर्न सफल रह्यो भने 'एक भागवत र एक गीता'को ३५-४० प्रतिशत हाराहारी अकुपेन्सी रहेको थियो । यी दुवै फिल्मका लागि यो सुखद संकेत मान्न सकिन्छ । अब शनिबार को व्यापारले को कति पानीमा भन्ने छर्लङ्ग हुनेछ ।

शुक्रबारको अकुपेन्सीको आधारमा 'नाङ्गो गाउँ'ले मल्टीप्लेक्सहरुमा केही शो बढाएको छ । र, यसको फाइदा फिल्मले शनिबारको विदामा उठाउन सक्ने देखिन्छ । 'कबड्डी ४' र 'जारी'को ब्लकबस्टर जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहेकाले फिल्मप्रति दर्शकको आकर्षण देखिएको हुनसक्ने आँकलन गरिएको छ । आइतबारबाट भने फिल्म आफ्नै बलबुतामा चल्नुपर्नेछ ।

दुईवटै फिल्म कथा वस्तुको हिसाबले फरक छन् । 'नाङ्गो गाउँ'ले राजनीतिक विषयलाई उठाएको छ भने 'एक भागवत र एक गीता' लैंगिक अल्पसंख्यक समुदायको कथामा आधारित छ । जसले गर्दा दुवै फिल्मका लक्षित वर्ग पनि फरक छन् । बलियो 'वर्ड अफ माउथ' मिलेको अवस्थामा तीज र संविधान दिवसको सार्वजनिक विदाको फाइदा समेत यी दुईटै फिल्मले राम्रो उठाउन सक्नेछन् ।

# 'चित्रा' छायांकनमा, पुस २७ लाई रिलिज घोषणा




काठमाडौं/'अग्निदहन' फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशन रहने फिल्म 'चित्रा'को छायांकन सुरु गरिएको छ । शुक्रबार क्यामेरा र स्क्रिप्ट पूजा गर्दै पोखराबाट फिल्मको छायांकन थालिएको हो । छायांकन सुरु भएसँगै प्रदर्शन मिति पनि घोषणा गरिएको छ । माघे संक्रान्तिलाई लक्षित गरेर आगामी पुस २७ गते फिल्म सार्वजनिक प्रदर्शनमा आउने निर्देशक लामिछानेले जानकारी दिएका छन् ।

सन्तोष अधिकारी फिल्म्स् तथा अस्याप इन्टरटेनमेन्टको संयुक्त निर्माण रहने फिल्ममा अर्पण थापा, मेनुका प्रधान, शुभेच्छा खड्का, प्रकाश घिमिरे, प्रमोद अग्रहरी, सन्तोष अधिकारी, सिम्रन खड्का, आयुशी ढकाल, कपिल शर्मा, कुमार गुरुङ, गीता थापा, दिपेश गजुरेल, उज्वल ढकाल, श्यामसुन्दर कार्कीलगायतको अभिनय रहनेछ । फिल्मको सम्पूर्ण छायांकन पोखरा र घाचोकमा गरिनेछ ।

एक सेवानिवृत्ति बाबु र छोरीको कथा प्रस्तुत गर्ने फिल्मको निर्मातामा आशिष थापा मगर र कार्यकारी निर्मातामा सन्तोष अधिकारी छन् । अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद, प्रवीण सिंहको नृत्य निर्देशन, सम्राट बस्नेतको द्वन्द्व निर्देशन, राजनराज सिवाकोटीको संगीत तथा महेश पौडेलको छायांकन रहने यो फिल्मको अष्ट्रेलिया प्रदर्शन अधिकार बिक्री भैसकेको छ ।

# कांग्रेसमा अनुशासन उल्लंघनका २१ सय उजुरी

## दर्जन बढी केन्द्रीय सदस्यलाई कारबाही माग

काठमाडौं/नेपाली कांग्रेसमा अनुशासनको कारबाही माग गर्दै २१०० बढी उजुरी परेका छन् । वडाका पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्मलाई कारबाहीको माग गर्दै अनुशासन समितिमा उजुरी परेको हो ।

अनुशासन समितिका संयोजक आनन्द ढुंगानाले प्राप्त उजुरीको प्रकृति अनुसार अध्ययन सुरु भएको जानकारी दिए । उनका अनुसार दर्जन बढी केन्द्रीय सदस्य विरुद्ध अनुशासन समितिमा उजुरी परेको छ । प्राप्त भएका मध्ये स्थानीय, प्रदेश र संघीय निर्वाचनमा कांग्रेस उम्मेदवारलाई असहयोग र अन्तर्घातका उजुरी बढ्ता रहेको अनुशासन समितिले जनाएको छ ।

४६ जिल्लाबाट अनुशासनको कारबाही माग गर्दै उजुरी दर्ता गरिएको छ । सबैभन्दा बढी उजुरी मधेश प्रदेशका आठ जिल्लाबाट छ । अनुशासन समितिले उजुरीका लागि ३० भदौसम्मको अन्तिम म्याद तोकेको छ । जिल्लाले पठाएका उजुरी प्रदेशले समयमा केन्द्रमा नपठाएकाले म्याद थप गरिएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रेम केसीले जानकारी दिए ।

पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवार विरुद्ध उम्मेदवार भएमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा वा निर्वाचनको समयमा पार्टीको उम्मेदवारका विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विरोध गरेमा वा असहयोग हुने कार्य गरे अनुशासन उल्लंघन भएको ठहर हुने विधानको व्यवस्था छ । साथै, पार्टीको विधान, नियमावली, आदर्श, सिद्धान्त, पार्टीको आचारसंहिता पालना नगर्नु र नीति विपरीत कार्य गर्नुलाई अनुशासन उल्लंघन भएको ठहर्ने पार्टी विधानको व्यवस्था छ ।

अनुशासन समितिले पूर्णता प्राप्त गरेसँगै उजुरीका प्रकृति हेरेर अध्ययन सुरु गरिएको समितिका सदस्य ुव वाग्लेले जानकारी दिए । समितिले मुख्यगरी महासमिति बैठकलाई ध्यानमा राखेर अध्ययन गरेको वाग्लेले जानकारी दिए ।

२५ जिल्लामा महासमितिका लागि अधिवेशन भएको छैन । महासमिति प्रतिनिधि छनोट नभएका ती २५ जिल्लाबाट आएका उजुरीलाई प्राथमिकता दिएको अनुशासन समितिले जनाएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट ११ जना महासमिति प्रतिनिधि छनोट गरिने व्यवस्था छ ।

'अहिले महासमिति प्रतिनिधि नछानिएका जिल्लाहरूका उजुरी र विवाद मिलाउन लागेका छौं' समिति सदस्य वाग्लेले भने, 'महासमिति बैठक पछि गम्भीर प्रकृतिका अरू उजुरी हेर्छौं ।'

अनुशासन उल्लंघनका लागि दुई प्रकृतिबाट उजुरी दिने व्यवस्था छ । जिल्ला र प्रदेशले कारबाहीको माग गर्दै केन्द्रमा सिफारिस गर्ने व्यवस्था छ । उजुरी दिने दोस्रो विधि, उम्मेदवार स्वयंले असहयोग गर्नेको नाम किटान गरेर उजुरी गर्ने व्यवस्था छ ।

तल्लो तह हुँदै प्रक्रियागत रूपमा उजुरी केन्द्रमा आएका छन् । ठाडो उजुरी पनि अनुशासन समितिमा परेको छ । प्रक्रियागत र ठाडो उजुरीको संख्या बराबर जस्तै रहेको समितिले जनाएको छ । ठाडो उजुरी अध्ययनका लागि 'नोटिस' मा राखिने भए पनि कारबाही प्रक्रिया अघि बढाउने विधि छैन । 'कि उम्मेदवारले उजुरी गर्नुपऱ्यो । वा, जिल्ला अनुशासन समिति र प्रदेश अनुशासन समितिले गर्नुपर्दछ । वैधानिक बाटोबाट नआएका उजुरीको सुनुवाइ गर्ने व्यवस्था नै छैन', समिति सदस्य वाग्लेले भने ।

अनुशासनको सिफारिस र कारबाहीमा कांग्रेसभित्र सधैं जसो विवाद हुँदै आएको छ । प्रतिशोध राखेर एक पक्षले अर्कोको विरुद्धमा लागेको आरोप-प्रत्यारोप हुँदै आएको छ । कारबाही गर्नुपर्ने वा सफाइ दिनुपर्ने भए सर्वसम्मत निर्णय गरिने समिति संयोजक ढुंगाना दावी गर्छन् ।

'सहमतिबाट नै कारबाही गर्ने हो । सहमति हुन नसके बहुमतबाट निर्णय लिने वैधानिक बाटो छ । मलाई लाग्दैन कि बहुमतबाट निर्णय लिनुपर्ने हुन्छ', ढुंगानाले भने ।

अनुशासन समितिमा ढुंगाना, वाग्ले केन्द्रीय सदस्यहरू ईश्वरी न्यौपाने, सञ्जयकुमार गौतम र राजीव कोइराला छन् । गौतम र कोइराला संस्थापनइतरका हुन् । कथं, बहुमतबाट निर्णय हुने अवस्था बने बहुमत संख्या समितिमा संस्थापन पक्षको छ ।

गम्भीर प्रकृतिको अनुशासन उल्लंघन भएको ठहर भएमा केन्द्रीय सदस्य पनि कारबाहीमा पर्ने समिति सदस्य वाग्ले दावी गर्छन् । 'उजुरी आएका केन्द्रीय सदस्य अनुशासनको दायरामा नआउने भन्ने हुँदै हुँदैन । 'विगतमा हामीले आममाफी दिंदै आयौं । त्यसले विकृति झन् बढ्यो', वाग्ले भन्छन् ।

केन्द्रीय अनुशासन समितिलाई छानबिन, स्पष्टीकरण लिने र निर्णय गर्ने पूर्ण अधिकार छ । केन्द्रीय अनुशासन समितिले प्रदेश वा जिल्ला अनुशासन समितिलाई निर्देशन समेत दिन सक्छ । जिल्ला, प्रदेश र केन्द्रीय गरी तीन तहको अनुशासन समिति भए पनि कारबाहीको अन्तिम अधिकार केन्द्रलाई छ ।

पार्टीबाट निलम्बन गर्दा बढीमा एक वर्ष र निष्काशन गर्दा बढीमा पाँच वर्षका लागि गर्न सक्ने समितिलाई अधिकार छ । अनुशासन समितिले गरेको कारबाहीमा चित्त नबुझे केन्द्रीय कार्यसमितिमा पुनरावेदन गर्न सकिने व्यवस्था छ ।

*(स्रोत: अनलाइनखबर)*

# चिनीमा होलसेलरको सिन्डिकेट, एक महिनामा केजीमै २५ रुपैयाँ मूल्य बढाइयो

काठमाडौं/चिनीका होलसेल बिक्रेताहरूले सिन्डिकेट कायम गरी प्रतिकिलो मूल्य नै १० रुपैयाँ बढाएपछि उपभोक्ता मूल्य पनि सोहीअनुसार वृद्धि भएको छ । केही दिनअघिसम्म प्रतिकिलो १ सय २० रुपैयाँ रहेको चिनीको बजार मूल्य अहिले १ सय ३० रुपैयाँ पुगेको नेपाल खुद्रा व्यापार संघले जानकारी दिएको छ ।

'२७ भदौमा चिनीको होलसेल मूल्य प्रतिकिलो १ सय १७ रुपैयाँ थियो, त्यसलाई होलसेलरहरूले १२७ रुपैयाँ पुऱ्याएका छन्,' संघका सहकोषाध्यक्ष ध्रुब अधिकारीले भने । नयाँ होलसेल मूल्य आएपछि चिनीको खुद्रा मूल्य १३० रुपैयाँ हराहारी पुगेको उनले बताए ।

होलसेल व्यापारीहरूले बजारमा सिन्डिकेट कायम गरेपछि अहिले मूल्य बढ्ने मात्रै होइन, अभाव समेत सृजना भएको छ । होलसेल व्यापारीको मनपरीका कारण चिनी बिक्री गर्नै नसक्ने अवस्थामा पुगेको संघले जनाएको छ । 'हामीले चिनीको कारोबार नै नगर्ने निर्णय गरेका छौं,' उनले भने ।

एक महिनाको बीचमा चिनीको प्रतिकेजी मूल्य १०५ रुपैयाँबाट बढेर १३० रुपैयाँ पुगेको छ । यसअघि १ भदौमा चिनीको प्रतिकेजी खुद्रा बिक्री मूल्य १०५ रुपैयाँ थियो । एक महिनामै प्रतिकेजी चिनीको मूल्य २५ रुपैयाँ बढाइएको हो ।

खासगरी भारतको महाराष्ट्र राज्यमा यसवर्ष खडेरीका कारण चिनी उत्पादनमा उल्लेख्य कमी आउने र त्यसले भारतमा चिनीको मूल्य ६ वर्षयताकै उच्च भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् ।

त्यो समाचार आएपछि नेपालमा चिनीको मूल्य पनि एकाएक बढाइएको छ । महाराष्ट्रमा भारतको कुल चिनी उत्पादनको एक तिहाइ उत्पादन हुन्छ । भारतमा चिनी उत्पादन घट्ने भएपछि उसले निर्यात बन्द गर्ने हो कि भन्ने आकलनसमेत गर्न थालिएको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् ।

यही मौका छोपेर होलसेलरहरूले बजारमा चिनीको कार्टेलिङ र गैरकानुनी मौज्दात कायम गरेको साना खुद्रा व्यवसायीहरूको आशंका छ । 'मूल्य बढेसँगै बजारमा चिनी पनि पाउन छोडेको अवस्था छ,' एक पदाधिकारीले भने, 'यही बेला अनुगमनकारी निकाय र सरकार पनि मौन छ ।'

नेपाली उद्योगहरूले उत्पादन गरेको चिनीको मौज्दात सकिएकाले अन्तर्राष्ट्रिय माग र आपूर्तिका आधारमा मूल्य बढेको हुनसक्ने नेपाल चिनी उत्पादक संघका अध्यक्ष शशिकान्त अग्रवाल बताउँछन् । सरकारले जतिसक्दो चाँडो भन्सार छुट दिएको चिनी ल्याएर मूल्य नियन्त्रण गर्नुपर्ने उनको भनाइ छ ।

'नेपालमा भएको उत्पादन सकिएको छ, भारतमा यो वर्ष चिनी उत्पादनमा कमी आउने सम्भावना रहेको समाचार आइरहेको छ, यस्तो अवस्थामा चिनीको मूल्य बढाउने प्रयास हुनु अस्वाभाविक होइन,' उनले भने, 'सरकारले २० हजार मेट्रिक टन चिनी ल्याउने भनेको छ, त्यो र थप परिमाणको चिनी ल्याएर बजार हस्तक्षेप गर्नु जरुरी छ ।'

मुलुकमा खपत हुने चिनीमध्ये ७५ प्रतिशत उद्योगहरूले खपत गर्ने र उपभोक्ताले २५ प्रतिशत मात्रै खपत गर्ने उनले बताए । तीन जनाको परिवारले महिनामा एक किलो भन्दा धेरै चिनी खपत नगर्ने उनको भनाइ छ ।

'त्यसो हुँदा मूल्य बढ्यो भनेर उपभोक्ता धेरै आत्तिनु आवश्यक छैन, तर सरकारले मूल्य नियन्त्रणका लागि तत्कालै कदम चाल्नु भने जरुरी छ,' अग्रवालले भने । मुख्य चाडवाडमा अभाव सिर्जना हुन नदिन सरकारले ५० प्रतिशत भन्सार छुटमा २० हजार मेट्रिक टन चिनी आयात गर्ने निर्णय गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# किन एक वर्षदेखि एक्सन सिक्दैछिन् आँचल ?



काठमाडौं/फिल्ममा एक्सन भूमिका कलाकारका लागि निकै कठिनपूर्ण मानिन्छ । यसका लागि मानसिक र शारीरिक दुवै रुपमा फिट हुनुपर्छ । जिम्नास्टिकदेखि कराँतेसम्म आफूलाई निपूर्ण बनाउनुपर्ने हुन्छ । यो आफैंमा दु:ख र मिहिनेतको काम हो । यसैले पनि एक्सनमा रुचि भएका कलाकारहरु नेपालमा ज्यादै न्यून छन् । अभिनेत्री त झन् सिला खोज्नुपर्छ । प्राय: रोमान्टिक भूमिकामै रमाएका छन् ।

अभिनेत्री आँचल शर्मालाई भने एक्सन फिल्ममा रुचि छ । तर, त्यो साकार हुन पाएको छैन । यद्यपि, उनले एक वर्षदेखि एक्सनको तालिम लिंदै आएकी छन् । उनले बिहीबार इन्टाग्राममा एउटा भिडियो राखेकी छन्, जहाँ उनी छरितो एक्सन गर्दै देखिएका छन् । भविष्यमा एक्सन फिल्मबाट प्रस्ताव आउँदा सहज महसुस होस् भनेर उनले अहिलेदेखि नै त्यसका लागि मिहिनेत गरिरहेकी हुन् ।

'तत्कालै एक्सन फिल्म गर्न लागेको चाहिँ होइन । सिकिराख्दा भविष्यमा काम लाग्न सक्छ भनेर मात्रै हो,' आँचलले भनिन्, 'मलाई पहिल्यैदेखि एक्सन गर्न एकदमै रुचि हो । पहिला म किक बक्सिङको तामिल नै लिन्थैं । फुर्सदमा हुँदा केही नयाँ सिकौं भन्ने भएर एक्सन सिकेको हुँ । छायांकन नभएको बेलामा म प्राय: एक्सन सिक्ने गर्छु । चाँडै डान्स पनि सिक्दैछु ।'

एक्टिङको वर्कसप समेत लिने तयारीमा रहेकी उनलाई कलाकार भएपछि सबै कुरा आउनुपर्छ भन्ने लाग्छ । 'म जिम र जिम्नास्टिक त पहिलादेखि सँगसँगै गर्थें । कलाकार भएपछि सबै कुरा आउनु पर्छ भन्ने लागेर ह्यान्डस्ट्यान्ड, कार्टबिलहरु सिक्न थालें । त्यो गर्दा गर्दै एक्सनका सबै कुरा सिकौं भन्ने लाग्यो । आजको मिहिनेतले भोलि एक्सन फिल्म गर्दा सहज हुन्छ भनेर पनि हो,' उनले भनिन् ।

यस वर्षका लागि आँचलको सेड्युल 'प्याक' भैसकेको छ । असोज पहिलो हप्ताबाट उनी दयाहाङ राईसँग फिल्म 'डिग्री माइला'को पहिलो चरणको छायांकनमा व्यस्त हुँदैछिन् । दोस्रो चरणको छायांकन मंसिरमा हुनेछ । उनको पाइपलाइनमा 'पञ्चामृत' र 'ह्वाइट हाउस' पनि रहेका छन् । सम्भवत: यसै वर्ष उनले छायांकन अधुरै रहेको मिलन चाम्सको फिल्म 'वर एण्ड बधु' पनि पूरा गर्नेछिन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रदेश प्रहरी हेटौंडाका तीनवटा कुकुर सेवानिवृत्त

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा अपराध अनुसन्धानमा सहयोगी भूमिका निभाउँदै आएका तीन वटा कुकुर सेवानिवृत्त भएका छन् ।

प्रदेश प्रहरीमा विगत ९ वर्षदेखि सेवामा रहेका तीन कुकुर बुधबारबाट सेवानिवृत्त भएका हुन् । लागूऔषध, विस्फोटकपदार्थ, हत्यासम्बन्धी अनुसन्धान गर्दै आएका शेरे, टाइगर र जोन नामका कुकुर सेवाबाट निवृत्त भएको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । तीन कुकुर प्रहरी सेवा पूरा गरी प्रहरीका कुकुरहरुको विषयगत संख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्तसम्बन्धी कार्यनिर्देशन-२०८० बमोजिम सेवानिवृत्त भएका हुन् । कुकुरको क्षमतामा ह्रास आएपछि सेवाबाट हटाउने नियम प्रहरीभित्र छ । कुकुरको उमेरहद तोक्ने नगरेकोले क्षमताको आधारमा सेवामा राख्ने वा नराख्ने गरिन्छ ।



सेवानिवृत्त भएपछि पालनपोषणको जिम्मेवारी सम्बन्धित संघसंगठनकै हुन्छ । प्रदेश प्रहरीका अनुसार शेरे ल्याब्रोडर हो भने टाइगर र जोन जर्मन सेफर्ड हुन् । व्यवहारिक परीक्षा लिँदा क्षमता प्रदर्शन गर्न नसकेकाले रिटायर्ड गरिएको जनाइएको छ । कुकुरलाई गन्धका आधारमा खोजी र दौडका अभ्यास गराउँदा आवश्यक क्षमता देखाउन नसकेपछि सेवाबाट हटाउने गरिएको छ । जोन र शेरेले आफ्नो सेवाअवधिमा १ हजार २ सयपटक लागूऔषध खोजी गरी विभिन्न समयमा सफलता हासिल गरेका थिए भने टाइगरले सुरक्षाका लागि ७ सय पटक विशिष्ट व्यक्तिहरुको समारोह स्थल, बाटो, संसद भवन लगायत विभिन्न स्थानमा चेकजाँच गरी आफ्नो जिम्मेवारी निर्वाह गरेको प्रदेश प्रहरीले जनाएको छ ।

अवकाशप्राप्त यी तीन कुकुर उमेरले ९ वर्षका मात्र भए । सामान्यतया कुकुरको उमेर १५ वर्षको हुनेगर्छ । यी कुकुरलाई जन्मेको ६ महिनामा तालिम दिने गरिन्छ । तालिम अवधि चार महिनादेखि १० महिनासम्मको हुन्छ । बागमती प्रदेश प्रहरीमातहत अहिले ६ वटा कुकुर रहेका छन् । जसमध्ये ४ वटा प्रहरीसेवामा कार्यरत छन् । २ वटा कुकुरले तालिम लिइरहेको जनाइएको छ । सेवानिवृत्त भएका र कार्यरत कुकुर काठमाडौंस्थित प्रहरी प्रधान कार्यालयबाट ल्याइएको थियो । सेवाबाट हटाइएका कुकुरलाई इच्छाअनुसार क्रमश: सम्बन्धित दाता, बहालवाला प्रहरी कर्मचारी, पूर्वप्रहरी कर्मचारी र सर्वसाधारणलाई प्राथमिकताका आधार दिन सकिने पनि नियम छ ।

गत मंसिर २५ मा मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको ज्यामिरेमा २८ वर्षीया महिलालाई घरमा हत्या गरेर बारीमा गाडेको अवस्थामा सेरे र जोनले अपराधी पत्ता लगाएका थिए ।

यसैगरी गत चैतमा रामेछाप गोकुलगंगा गाउँपालिका-४ बेताली लेसेखानीमा खुकुरी प्रहारबाट ८२ वर्षीय शमशेर बहादुरको हत्या भएको थियो । सो घटनाको अपराधी पत्ता लगाउन यिनै कुकुरले महत्वपूर्ण भूमिका खेलेका थिए । बागमती प्रदेशअन्तर्गत जिल्लामा भएका जघन्य प्रकृतिका शंकास्पद घटनाहरुमा अपराधीको पहिचान गरी अनुसन्धान गर्नमा कुकुरहरुको उत्कृष्ट भूमिका रहेको प्रदेश प्रहरीका एसपी दीपक रेग्मीले बताए ।

# बेलुवामा गणेशधारा खेलमैदान तयार

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ मनहरी गाउँपालिका-८ बेलुवामा खेलमैदान निर्माण गरिएको छ । गणेशधारा युवा क्लवको अगुवाईमा 'गणेशधारा' खेलमैदान निर्माण गरिएको क्लवले जनाएको छ ।

मनहरी गाउँपालिका-८ वडा कार्यालयबाट बिनियोजित ३ लाख, रिद्धिसिद्धि सिमेन्ट उद्योगबाट प्राप्त १ लाख रुपैयाँ तथा क्रसर व्यवसायी तथा अन्य व्यवसायी समाजसेवीले ब्यक्तिगत सहयोग गरी खेलमैदान निर्माण सम्पन्न गरिएको गणेशधारा युवा क्लवका स्वतन्त्र उप्रेतीले जानकारी दिए ।

खेलमैदानका लागि चतुर्मुखी क्रसर उद्योगले १५ ट्रिप माटो, कामना क्रसरले १५ ट्रिप माटो, मनहरी बालुवा उद्योगले १५ ट्रिप माटो, जनसेवा क्रसर उद्योगबाट १५ ट्रिप माटो प्राप्त भएको थियो । त्यसैगरी निमेष उप्रेती र स्वतन्त्र उप्रेतीको तर्फबाट समेत १०-१० ट्रिप माटो र नगद सहयोग प्राप्त भएको बताइएको छ ।

मनहरीका अन्य व्यवसायीले पनि ५ सय रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म सहयोग प्राप्त भई खेलमैदान निर्माण सम्पन्न गरिएको बताइएको छ । खेलमैदान परिसरमा स्वतन्त्र उप्रेतीको सहयोगमा ट्युबेल समेत जडान गरिएको छ । खेलमैदान निर्माण भएपछि विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्न र मर्निङ वाकका लागि पनि सजिलो हुने खेलाडीहरुले बताएका छन् । अहिले मैदान बनेको स्थलमा यसअघि मनहरी महोत्सव सञ्चालन गरिएको थियो ।

डाक्टर कुटपिट प्रकरण

# जिल्लाका स्वास्थ्यकर्मी आन्दोलित, आकस्मिक बाहेकका सेवा बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटांडाका दुई डाक्टर कुटपिट घटना उत्कर्षमा पुगेसँगै मकवानपुरका स्वास्थ्य संस्था ठप्प भएका छन् । हेटौंडा-१, स्थित सञ्चो हस्पिटल प्रालिमा दुई डाक्टर कुटपिट प्रकरणमा आन्दोलित बनेका स्वास्थ्यकर्मीले शुक्रबार आकस्मिक बाहेकका सबै सेवा ठप्प पारेका हुन् ।

जिल्लाकै एकमात्र सरकारी अस्पताल हेटौंडा अस्पतालमा शुक्रबार बिहानदेखि गेटमा ताला लागेको छ । दैनिक १ हजारको हाराहारीमा उपचार गराउने आउने बिरामी अस्पताल आएर फर्किनु परेको छ । अस्पतालको आकस्मिक उपचार कक्ष भने सञ्चालनमा रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिए । स्वास्थ्यकर्मीले दोषिलाई कारबाही गर्नुपर्ने, राज्यले स्वास्थ्यकर्मीको सुरक्षा दिनुपर्ने लगायतका माग राखेर अनिश्चितकालीन आन्दोलन थालेका हुन् ।



हेटौंडाका निजी अस्पताल, मेडिकलहरु पनि बन्द छन् । निजी अस्पताल र मेडिकलहरु बन्द रहेको नेपाल स्वास्थ्यकर्मी संघ मकवानपुरका उपाध्यक्ष सुधीर दाहालले जानकारी दिए । जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी अस्पतालका स्वास्थ्यकर्मीहरु पनि आन्दोलित भएका छन् । मनहरी अस्पतालमा आकस्मिक बाहेक सबै सेवा ठप्प छ । हेटौंडा-१२ का डेंगूबाट मृत्यु भएका राजेश प्रधानका आफन्तले सञ्चो हस्पिटलभित्र प्रवेश गरी डाक्टर विकास थापा र अर्का डाक्टर प्रशान्त विडारीमाथि कुटपिट गरेका थिए । मकवानपुर प्रहरीले घटनामा संलग्न ४ जनालाई पक्राउ गरी सकेको छ ।

पक्राउ पर्नेमा मृतक प्रधानकी श्रीमती रमा प्रधान, छोरी रमिता प्रधान, छोरा रोहित प्रधान र भतिज अनुप प्रधान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । नेपाल चिकित्सक संघले बिहीवार प्रहरीमा उजुरी दिएको छ । उजुरीमा दुई जनाको नाममा किटानी जाहेरी परेको जनाइएको छ । उपचारसेवाप्रवाह गर्न सक्ने अवस्था नरहेको भन्दै हेटौंडाका चिकित्सकहरुले अस्पताल तथा निजी क्लिनिकहरुको आकस्मिक बाहेक सबै सेवा बन्द गराएको हेटौंडा अस्पतालका मेसु सापकोटाले बताए ।

डा. सापकोटाकाअनुसार मकवानपुरमा कार्यरत् ७८ जना चिकित्सकले बिहीवार नै सामूहिक राजीनामा दिने तयारी गरेका थिए । कतिपय चिकित्सकले राजीनामापत्र तयार पारेर राखेको र कतिपयले आफूलाई बुझाएको भन्दै राजीनामा भने स्वीकृत नगरिएको उनको भनाई छ । यो घटनामा संलग्न दोषिउपर कडा कारबारही गर्ने प्रधानमन्त्री प्रचण्डले पनि आश्वासन दिएका छन् । प्रम प्रचण्डलाई भेट्न पुगेका चिकित्सकहरुलाई दोषिउपर कानूनी कारबाही गरिने आश्वासन दिइएको हो ।

# हेटौंडा एकेडेमीमा बालदिवस मनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीमा 'हेटौंडा एकेडेमी बालसमूह' ले विशेष कार्यक्रम आयोजना गरी ५९ औं राष्ट्रिय बालदिवस मनाइएको छ ।

हेटौंडा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालको प्रमुख आतिथ्यता र प्राचार्य गौरीदेवी चिमरियाको विषेश आतिथ्यमा आयोजित कार्यक्रमको अध्यक्षता हेटौंडा एकेडेमी बाल समूहका अध्यक्ष एवं कक्षा १० का विद्यार्थी सुरजकुमार चौरसियाले गरेका थिए ।

'बालबालिकामा लगानी:सुनिश्चित भविष्यको थालनी' भन्ने नाराकासाथ हेटौंडा एकेडेमीको प्राङ्गणमा आयोजित कार्यक्रममा कक्षा नर्सरीदेखि १० सम्मका विद्यार्थीले नृत्य र गायनविधामा आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि रिमालले बालदिवसले बालबालिका तथा अन्य सरोकारवालालाई बालअधिकार तथा आजका बालबालिकालाई भोलिको जिम्मेवार नागरिकमा रुपान्तरण गर्नका लागि ध्यान पुऱ्याउनु पर्ने बताए ।

बालबालिकाको भबिष्य भनेको देशको भबिष्य हो भन्ने कुराको बारेमा थप सचेत बनाउने रिमालले विश्वाश व्यक्त गरे । बालअधिकारसँगसँगै बालबालिकालाई कर्तव्य र असल संस्कार सिकाउनुपर्ने कुरामा रिमालले जोड दिए । कार्यक्रमलाई विद्यालयका कक्षा ८ मा पढ्ने छात्रा क्रितिषा सापकोटा र कक्षा ७ मा पढ्ने छात्र पृथक रिमालले संचालन गरेका थिए ।

# पदमपोखरीमा प्रहरीचौकीको भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-१२, स्थित पदमपोखरीमा प्रहरीचौकीको नवनिर्मित भवन उद्घाटन गरिएको छ । बागमतीका आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले शुक्रबार प्रहरीचौकीको भवन उद्घाटन गरेका हुन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयको २ करोड २६ लाख १५ हजार १ सय १७ रुपैयाँ बजेटमा १ कठ्ठा ९ धुर क्षेत्रफलमा महिला/पुरुष अलग/अलग हिरासत कक्ष, महिला ब्यारेक, कार्यालय प्रमुख निवाससहित ३ तलाको प्रहरी चौकी निर्माण भएको हो । कार्यक्रमको अबसरमा प्रहरीचौकी निर्माणमा योगदान गर्ने व्यक्तिहरुलाई सम्मान प्रदान गरिएको थियो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कानून मन्त्री श्रेष्ठले विज्ञान र प्रविधिको जमानामा प्रहरीहरुले पनि सोही अनुरुप अन्तराष्ट्रिय तहको बिज्ञानप्रविधिको प्रयोग गर्न जरुरी रहेको बताए ।

श्रेष्ठले बागमती प्रदेशका प्रहरीलाई अत्याधुनिक उपकरणले युक्त प्रविधिमैत्री बनाउँदै लैजाने बताए । मन्त्री श्रेष्ठले अहिलेको प्रहरीको क्षमतालाई गुणात्मक ढरुगले बृद्धि गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे । मन्त्री श्रेष्ठले हाम्रो देशका प्रहरीलाई नागरिकमैत्री बनाउने कुरामा लागिरहेका छौं तर, एउटा हातले मात्र तालि नबज्ने भनेझै नागरिक पनि प्रहरीमैत्री बन्न सक्नुपर्ने बताए । प्रहरी भनेको एउटा टुल्स हो यसलाई प्रयोग गर्न सक्दा प्रहरीमैत्री संस्कारको विकास हुने मन्त्री श्रेष्ठले बताए ।

नेपाल सरकारले २०८० भाद्र मसान्तसम्म प्रहरी समायोजन सम्पन्न गर्ने प्रतिवद्धता गरेको थियो, सो प्रतिवद्धता अनुसार प्रहरी समायोजन नहुने भएपछि मन्त्री श्रेष्ठले नेपाल सरकारविरुद्ध सम्मानित सर्वोच्च अदालतमा मुद्दा हाल्न बाध्य हुँदै गएको धारणा व्यक्त गरे । कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पदमपोखरीमा प्रहरीचौकी स्थापना हुनु खुशीको कुरा भएको भन्दै यहाँ नागरिक र प्रहरीले समन्वय र सहकार्यमा काम गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा मन्त्रालयका उपसचिव दीपकप्रसाद न्यौपाने, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, प्रहरी नायब महानिरीक्षक किरण राणा, हेउनपा १३ का वडाअध्यक्ष पेमा लामा, मकवानपुर प्रहरीप्रमुख सीताराम रिजाल, प्रहरीउपरिक्षक चित्र गुरुङ, राकेश सिंह, सशस्त्र प्रहरीउपरीक्षक अनिल कार्की लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुर बहुमुखी क्याम्पस अध्यक्षमा पुन: पौडल

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-२, स्थित मकवानपुर बहुमुखी क्याम्पसको १७ औं क्याम्पससभाले नयाँ सञ्चालक समिति गठन गरेको छ ।

सभाले ९ सदस्यीय नयाँ सञ्चालक समिति गठन गरेपनि अध्यक्षमा भने फेरि अनन्त पौडेल नै दोहोरिएका छन् । क्याम्पस सञ्चालक समिति सदस्यहरुमा नवराष्ट विष्ट, विष्णुप्रसाद दाहाल, बद्रीप्रसाद लम्साल, माइकल रामचन्द्र अर्याल, डा.कृष्णप्रसाद धिताल, अशोक शाक्य, प्रल्हाद लामिछाने र सर्केश घलान चयन भएका छन् । यसैगरी, क्याम्पस लेखा समिति संयोजकमा नवराज अर्याल, सदस्यहरुमा ध्रुवबहादुर भुजेल, र मिलाकुमारी सापकोटा, अप्सरा बस्नेत रहेका छन् ।




क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्त पौडेलको अध्यक्षतामा भएको सभामा पौडेलले क्याम्पसका वार्षिक प्रगति प्रतिवेदन तथा कार्ययोजना प्रस्तुत गरेका थिए । कोषाध्यक्ष हीरालाल श्रेष्ठले २४ करोड ९८ लाख ६९ हजार तीन सयको चालु आव ०८०/८१ को अनुमानित आयव्यव प्रस्तुत गरे । लेखा समितिको प्रतिवेदन संयोजक हरिप्रसाद हुमागाईले क्याम्पसमा व्यवस्थापकीय धेरै कमजोरी रहेको बताउँदै आर्थिक अवस्थालगायत समग्र पक्षको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । क्याम्पस सेवा समिति सभापति बद्रीप्रसाद लम्सालले सेवा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सभालाई सम्बोधन गर्दै मकवानपुरका प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले नि:शुल्क शिक्षा आवश्यक रहेको बताए । सामुदायिक क्याम्पसहरुमा मकवानपुर क्याम्पसले शिक्षा क्षेत्रबाट दक्ष जनशक्ति उत्पादनमा खेलेको भूमिकाको प्रशंसा गर्दै सांसद बर्तौलाले उच्चशिक्षामा पनि निशुल्क गराउन सके कोही पनि शिक्षाबाट बञ्चित हुन नपर्ने बताए । उनले विद्यार्थी सहुलियत शिक्षामा सरकारले चासो राख्नुपर्नेमा जोड दिए । मकानपुरका प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले हेटौंडामा इन्जिनियरिङ क्याम्पसको आवश्यकता रहेको औंल्याए । इन्जिनियरिङ कलेजको अवधारणाका लागि आफूले पहल गरिरहेको सिंहले बताए । इन्जिनियरिङ कलजे स्थापना गर्न सके दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने उनको भनाई छ ।

सभामा क्याम्पसका पूर्वअध्यक्ष तथा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठ, प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठलगायतले मकवानपुर क्याम्पसको शैक्षिक अवस्थाको विषयमा आफ्नो धारणा राखेका थिए ।

# तरुण दलद्वारा चिकित्सक कुटपिट घटनाको भत्सर्ना

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटौंडा-१ स्थित सञ्चो अस्पतालमा दुई जना डाक्टरमाथि भएको कुटपिटको घटनामा नेपाल तरुण दल मकवानपुरले घोर भत्सर्ना गरेको छ ।

'चिकित्सकहरुको गल्ती भएको वा हुनसक्ने आशंकालाई सम्बन्धित निकायमार्फत् कानुनी रुपमा उपचार खोज्नु जरुरी हुन्छ । तर, आफैं न्यायकर्ता बन्दै चिकित्सकमाथि सांघातिक आक्रमण गरिएको घटनाले हेटौंडामा कार्यरत सम्पूर्ण स्वास्थकमीको सुरक्षाको दृष्टिकोणले त्राशको वातावरण उत्पन्न भएको छ भने उनीहरुको मनोवल गिरेको अनुभूति भएको छ ।', विज्ञप्तिमा भनिएको छ । तरुण दलले उपचारको क्रममा कसैको मृत्यु हुनु अन्यन्तै दु:खको विषय भएको उल्लेख गरेको छ ।

जनताको सुरक्षाको निमित्त खटिएका सुरक्षाकर्मीले नै घटनाको मुद्दा दर्तागर्न नमानेको भन्ने कुरा विभिन्न सञ्चारमध्यमबाट जानकारी प्राप्त भएअनुसार यस घटनाको वास्तविक सत्यतथ्य छानवीन गर्नुपर्ने तरुण दल मकवानपुरले माग राखेको छ । सुरक्षा निकायले नै न्याय माग्न जाँदा उल्टै हप्काउने कार्यको नेपाल तरुण दलले घोर भत्सर्ना गरेको विज्ञप्तिमा उल्लेख गरेको छ । दोषीउपर कानुनबमोजिम कारबाहीको माग गरिएको तरुण अध्यक्ष लिलाराज सापकोटा (सन्तोष) ले जारी गरेको बिज्ञप्तीमा जनाइएको छ ।

# हुलाक सेवालाई स्मार्ट बनाउन जरुरी: मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेश सरकारका आन्तरिक मामिला मन्त्री गंगानारायण श्रेष्ठले हुलाक सेवालाई जीवन्त राख्न स्मार्ट बनाउन जरुरी रहेको बताएका छन् ।

हुलाक सेवा विभागले शुक्रबार हेटौंडामा आयोजना गरेको एक पालिका एक हुलाक कार्यालयको अवधारणा बमोजिम हुलाकको पुनर्सरचनासम्वन्धी अन्तरक्रिया कार्यक्रममा मन्त्री श्रेष्ठले हुलाक सेवाले ७ सय ५३ स्थानीय तहमा प्रदेश र स्थानीय तहका चिठीपत्र मात्रै होइन, सवारी लाइसेन्स, राहदानी, नागरिकता, जेष्ठ नागरिक परिचयपत्र, राष्ट्रिय परिचयपत्र जस्ता आधारभूत कागजात हुलाक सेवामार्फत जनताको घरदैलोमा पुऱ्याउने व्यवस्था मिलाउन सक्नुपर्ने बताए ।

मन्त्री श्रेष्ठले सूचना प्रविधिबाट भागेर होइन, त्यसलाई आत्मसात गरेर अर्थात हुलाकलाई पनि प्रविधिमैत्री बनाएर सफ्टवेयरको विकास गर्न सकेमा मात्रै हुलाक सेवालाई प्रभावकारी रुपमा अगाडि बढाउन सकिने बताए । बागमती प्रदेशका १३ जिल्ला निर्देशनालयगत पर्ने थप बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा गरी कुल १९ जिल्लाका हुलाक अधिकृत तथा केही स्थानीय तहका प्रतिनिधिसमेतलाई बिद्यमान डाँकरेखा र भावि डाँक व्यवस्थापन, वर्तमान हुलाक सेवा र समसामयिक सुधार, सूचनाप्रविधि र प्रणालिको प्रयोगलगायत विषयमा छलफल गरिएको थियो ।

# रेडियो थाहासंचारको नारीरत्न सम्मान तथा दरखाने कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ विन्ध्यवासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासंचार ९९.६ एफएफले थाहा नारीरत्न सम्मान तथा दरखाने कार्यक्रम सम्पन्न गरेको छ । मक्वानपुरको रेडियो थाहासञ्चारले महिलाको पर्व हरितालिका तीजको अवसरमा हिरण्य नेपालका बालिकाहरुसँग दरखाएर तीज विशेष कार्यक्रम मनाएको हो ।

रेडियोले तीजको अवसरमा यसवर्ष थाहा नारीरत्नबाट बागमती प्र्देश प्रहरी विपद् व्यवस्थापन गुल्म हेटौंडाका प्रमुख एंव प्रहरीनिरीक्षक चुडाकुमारी खड्कालाई सम्मान गरिएको छ । तीज विशेष कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-५ की खड्कालाई थाहा नारीरत्न सम्मानद्वारा सम्मान गरिएको हो । अन्तर्राष्ट्रिय भलिवल खेलाडी समेत रहेकी खड्काले विभिन्न देशमा भएको प्रतियोगितामा भाग लिई पदकसमेत जित्न सफल हुँदै प्रहरी क्षेत्रमा प्रवेश गरी सेवामा सक्रिय रहेकोले सम्मान गरिएको हो । खड्का हाल बागमती प्रदेश प्रहरी कार्यालय विपद् व्यवस्थापन गुल्म हेटौंडामा कार्यरत छिन् ।

सम्मान कार्यक्रममा बोल्दै खड्काले खेलक्षेत्रबाट प्रहरी सेवामा रही निकै संघर्ष गरेर अहिलेको अवस्थासम्म आईपुगेको स्मरण गरिन् । कार्यक्रममा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले तीजमा महिलाहरूले आफूलाई परेको समस्या दिदी बहिनीसँग पोख्ने र त्यसको समाधान खोज्ने अवसर पनि भएको बताइन् । मन्त्री मोक्तानले हिन्दु महिलाहरुको महान पर्व तीज भड्किलो, खर्चिलो र देखावटी हुन नहुनेमा जोड दिइन् ।

रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, उपहानगरको महिला तथा बालबालिका महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछाने, हिरण्य नेपालका अध्यक्ष कल्पना शर्मा, माइती नेपालकी कार्यक्रम संयोजक माया लामा, हिमराईट्सकी कार्यक्रम संयोजक कुमारी वाईबा, ग्रामीण महिला सेवाकेन्द्रकी सचिव अचला शर्मा लगायतको आतिथ्यता रहेको थियो ।

## बालदिवसको अवसरमा हाजिरीजवाफ

हेटौंडा, २९ भदौ/५९ औं राष्ट्रिय बाल दिवसको अवसरमा मकवानपुरको मनहरी-४ स्थित पशुपतिनाथ माविमा आयोजित हाजिरी जवाफ प्रतियोगिताका बिजेतालाई पुरस्कार प्रदान गरिएको छ ।

वडा कार्यालयको ब्यवस्थापन र सिबिन सिबिन नेपाल बाल हेल्पलाईनको सहयोगमा आयोजित प्रतियोगितामा सन्दीप प्रजा, करन थापा, शिरिशा प्रजाको समूह प्रथम, कश्यपराज ढकाल, रोशनी बर्तौला, रोशनी प्रजाको समूह दोस्रो र सिम्रन बिष्ट, रिजन बिष्ट, सिम्रिका बिष्टको समूह तेस्रो भई पुरस्कृत भएका छन् । बिजेता बाल बालिकालाई वडाअध्यक्ष प्रकाश ढकालले पुरस्कार बितरण गरेका थिए ।

## साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

यस सहकारी संस्था लि. को निर्वाचन सहितको २३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस. सामाजिक संजाल, एफ.एम रेडियोबाट जानकारी गरिसकेका छौं । यदि बिशेष कारणवश सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मिति:- २०८० भाद्र ३० गते शनिवार
समय:- बिहान १०:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

## १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं बार्षिक साधारणसभा तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा शेयर सदस्यज्यूहरुलाई पत्रचार गरिसकेका छौं । यदि विशेष कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मिति:- २०८० भाद्र ३० गते शनिवार
समय:- बिहान ०९:०० बजे देखि २:३० बजे सम्म
स्थान :- श्री त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गण ।
(नोट: साधारण सभामा परिचय पत्रसहित स्वयम् उपस्थित हुने शेयर सदस्यज्यूहरुलाई रु. ५८८। (कर सहित) यातायात खर्च सदस्यको बचत खातामा उपलब्ध गराइनेछ ।)

अध्यक्ष : फूलमान श्रेष्ठ
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा उपमहानगरपालिका-११, मकवानपुर
फोन नं. : ०५७-५२४७३४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना